# सशस्त्र प्रहरी (प्राविधिक समूह) नियमावली, २०६७

नेपाल राजपत्रमा प्रकाशित मिति

२०६७।११।२३

सशस्त्र प्रहरी ऐन, २०५८ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "सशस्त्र प्रहरी (प्राविधिक समूह) नियमावली, २०६७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा "प्राविधिक समूह" भन्नाले सशस्त्र प्रहरी बलको प्राविधिक समूहमा काम गर्ने सशस्त्र प्रहरीको समूह सम्झनु पर्छ ।

नेपाल कानून आयोग

## परिच्छेद – २

## प्राविधिक समूह, श्रेणी तथा नियुक्ति सम्बन्धी

३. **प्राविधिक सेवा विभाग रहने** : (१) प्राविधिक समूहमा रहने विभिन्न समूह तथा उपसमूहहरुको प्रशासन, व्यवस्थापन, समन्वय तथा परिचालनका लागि एक सशस्त्र प्रहरी प्राविधिक सेवा विभाग रहनेछ ।

(२) उपनियम (१) बमोजिमको विभागको प्रमुख प्राविधिक समूहको सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक हुनेछ ।

(३) प्राविधिक सेवा विभाग अन्तर्गतका कार्यालयमा स्वीकृत दरबन्दी बमोजिमको दर्जाको सशस्त्र प्रहरी अधिकृत प्रमुख हुनेछ ।

४. **प्राविधिक समूह तथा उपसमूह** : प्राविधिक समूहमा अनुसूची -१ मा उल्लेख भए बमोजिमका समूह तथा उपसमूहहरु रहनेछन् ।

५. **श्रेणी र पद** : (१) प्राविधिक समूहमा देहाय बमोजिमका श्रेणी र पदहरु रहनेछन् :-

(क) राजपत्राङ्कित :

(१) विशिष्ट श्रेणी - सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक,

(२) प्रथम श्रेणी - सशस्त्र प्रहरी नायव महानिरीक्षक र सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक,

(३) द्वितीय श्रेणी - सशस्त्र प्रहरी उपरीक्षक र सशस्त्र प्रहरी नायव उपरीक्षक,

(४) तृतीय श्रेणी - सशस्त्र प्रहरी निरीक्षक,

(ख) राजपत्रअनङ्कित :

(१) प्रथम श्रेणी - सशस्त्र प्रहरी वरिष्ठ नायव निरीक्षक र सशस्त्र प्रहरी नायव निरीक्षक,

(२) द्वितीय श्रेणी -सशस्त्र प्रहरी सहायक निरीक्षक,

(३) तृतीय श्रेणी - सशस्त्र प्रहरी वरिष्ठ हवल्दार, सशस्त्र प्रहरी हवल्दार र सशस्त्र प्रहरी सहायक हवल्दार,

(४) चतुर्थ श्रेणी - सशस्त्र प्रहरी जवान,

(५) श्रेणी विहिन - सशस्त्र प्रहरी परिचर वा सो सरहका अन्य पदहरु ।

(२) प्राविधिक समूहको श्रेणी विहिन पदमा कार्यरत देहायको सेवा अवधि भएको सशस्त्र प्रहरीलाई देहायको स्तर कायम गरिनेछ :-

(क) प्रथम स्तर - पाँच वर्षसम्म सेवा अवधि भएको सशस्त्र प्रहरी,

नेपाल कानून आयोग

(ख) द्वितीय स्तर - पाँच वर्षदेखि दश वर्षसम्म सेवा अवधि भएको सशस्त्र प्रहरी,

(ग) तृतीय स्तर - दश वर्षदेखि पन्ध्र वर्षसम्म सेवा अवधि भएको सशस्त्र प्रहरी,

(घ) चतुर्थ स्तर - पन्ध्र वर्षदेखि बीसवर्षसम्म सेवा अवधि भएको सशस्त्र प्रहरी,

(ङ) पाँचौ स्तर - बीस वर्ष भन्दा बढी सेवा अवधि भएको सशस्त्र प्रहरी ।

६. **शुरु नियुक्ति हुने पद** : प्राविधिक समूहमा देहायका पद नयाँ नियुक्तिद्वारा र सो बाहेक अरु पदहरु बढुवाद्वारा पूर्ति गरिनेछ :-

(क) सशस्त्र प्रहरी निरीक्षक,

(ख) सशस्त्र प्रहरी नायव निरीक्षक,

(ग) सशस्त्र प्रहरी सहायक निरीक्षक,

(घ) सशस्त्र प्रहरी हवल्दार,

(ङ) सशस्त्र प्रहरी जवान,

(च) सशस्त्र प्रहरी परिचर वा सो सरहका अन्य पदहरु ।

७. **नियुक्ति गर्ने अधिकारी** : प्राविधिक समूहको देहायको पदमा देहायको अधिकारीले नियुक्ति गर्नेछ :-

(क) राजपत्राङ्कित पदमा नेपाल सरकारले,

(ख) राजपत्र अनंङ्कित पदमा :

(१) प्रथम श्रेणीका पदमा सशस्त्र प्रहरी महानिरीक्षकले,

(२) द्वितीय श्रेणीको पदमा सशस्त्र प्रहरी नायव महानिरीक्षक वा सो भन्दा माथिल्लो दर्जाको अधिकृतले,

नेपाल कानून आयोग

(३) तृतीय र चतुर्थ श्रेणीको पदमा सशस्त्र प्रहरी उपरिक्षक वा सो भन्दा माथिल्लो दर्जाको अधिकृतले,

(४) श्रेणी विहिन पदमा सशस्त्र प्रहरी नायव उपरिक्षक वा सो भन्दा माथिल्लो दर्जाको अधिकृतले ।

८. **नियुक्ति हुन आवश्यक उमेरको हद** : (१) प्राविधिक समूहको पदमा नयाँ नियुक्ति हुन राजपत्राङ्कित पदको लागि एक्काईस  वर्ष उमेर पूरा भई तीस वर्ष ननाघेको र राजपत्र अनङ्कित तथा श्रेणी विहिन पदको लागि अठार  वर्ष उमेर पूरा भई सत्ताईस वर्ष ननाघेको हुनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको उमेर निर्धारण गर्दा विज्ञापन प्रकाशन भएको दिनको आधारमा गरिनेछ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राविधिक समूहको परिचर वा सो सरहको पद बाहेकका अन्य पदमा वहाल रहेका र यो नियमावली बमोजिम योग्यता र अनुभव भएका सशस्त्र प्रहरीले पैतीस वर्ष पूरा नभएसम्म प्राविधिक समूहको खुल्ला प्रतियोगितात्मक परीक्षामा उम्मेदवार हुन पाउनेछन् ।

९. **नियुक्ति हुन आवश्यक योग्यता** : (१) प्राविधिक समूह अन्तर्गतको देहायको पदमा नयाँ नियुक्तिको लागि उमेदवार हुन देहाय बमोजिम योग्यता पुगेको हुनु पर्नेछ :-

(क) सशस्त्र प्रहरी निरीक्षक पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरेको,

(ख) सशस्त्र प्रहरी नायव निरीक्षक पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा कम्तीमा प्रमाण पत्रतह वा सो सरहको उपाधि प्राप्त गरेको,

(ग) सशस्त्र प्रहरी सहायक निरीक्षक पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा एस.एल.सी वा सो सरह उतीर्ण गरी सम्वन्धित विषयमा मान्यता प्राप्त संस्थाबाट १ एक वर्षको तालीम लिएको,

(घ) सशस्त्र प्रहरी हवल्दार पदको लागि कम्तीमा दशम कक्षा उत्तीर्ण गरी सम्बन्धित विषयमा मान्यता प्राप्त संस्थाबाट छ महिनाको तालीम लिएको,

(ङ) सशस्त्र प्रहरी जवान पदको लागि कम्तीमा आठ कक्षा उत्तीर्ण गरी मान्यता प्राप्त संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा छ महिनाको तालीम लिएको,

(च) सशस्त्र प्रहरी परिचरको लागि साधारण लेखपढ गर्न सक्ने र सम्वन्धित विषयमा ज्ञान भएको ।

(२) चिकित्सक, नर्स वा इन्जिनियरको पदमा नयाँ भर्नाद्वारा नियुक्ति हुनको लागि सम्बन्धित उम्मेद्वारको नाम क्रमशः नेपाल मेडिकल काउन्सिल, नेपाल नर्सिङ काउन्सिल वा नेपाल इन्जिनियरिङ काउन्सिलमा दर्ता भएको हुनु पर्नेछ ।

(३) चश्मा प्रयोग गर्ने उम्मेदवारको आँखा माईनस वा प्लस २.५ भन्दा बढी हुनु हुँदैन ।

(४) उम्मेद्वारको उचाई महिलाको हकमा कम्तिमा ४ फिट १० ईन्च र पुरुषको हकमा ५ फिट २ ईन्च हुनु पर्नेछ ।

(५) प्राविधिक समूहमा नियुक्त हुन आवश्यक यस नियममा उल्लिखित योग्यता बाहेकका अन्य योग्यता सशस्त्र प्रहरी नियमावली, २०६० मा उल्लेख भए बमोजिम हुनेछ ।

१०. **<u>प्रतियोगिताको विज्ञापन एवं परीक्षाको तरिका</u>** : (१) आयोगले प्राविधिक समूहमा रिक्त रहेको पदपूर्ति गर्नको लागि देहायको कुनै एक वा एक भन्दा बढी तरिकाद्वारा परीक्षा लिन सक्नेछ :-

(क) प्रारम्भिक शारीरिक जाँच,

(ख) सहिष्णुता तथा बाधापार,

(ग) स्वास्थ्य परीक्षण,

(घ) प्रयोगात्मक परीक्षा,

(ङ) लिखित परीक्षा,

नेपाल कानून आयोग

(च) अन्तरवार्ता र

(छ) आयोगले तोकेको अन्य तरिका।

(२) उपनियम (१) बमोजिम लिइने परीक्षाको पाठ्यक्रम, अङ्क विभाजन र मूल्याङ्कन विधि आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

(३) प्राविधिक समूहमा रिक्त रहेको पद पूर्ति गर्नको लागि आवश्यक विवरण खुलाई नेपालको विभिन्न भागमा प्रचार प्रसार हुन सक्ने गरी पत्र पत्रिका वा सञ्चारका अन्य माध्यमबाट प्रतियोगिताको लागि विज्ञापन प्रकाशन गरिनेछ र उक्त विज्ञापनमा परीक्षाको तरिका, दरखास्त दिने अवधि समेतका कुराहरु खुलाउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको विज्ञापनमा भाग लिन चाहने उम्मेदवारले आयोगले तोके बमोजिमको दरखास्त फाराम भरी आयोगले तोकेको परीक्षा दस्तुर सहित विज्ञापनमा तोकिएको स्थान र समयमा स्वयं उपस्थित भई दरखास्त फाराम बुझाउनु पर्नेछ।

(५) उपनियम (४) बमोजिम पर्न आएको दरखास्त उपर आयोगले छानविन गरी रीत पुगेको देखिएमा मात्र सम्बन्धित उम्मेदवारलाई प्रवेशपत्र दिइनेछ।

तर तोकिएको म्यादभित्र दाखिला नभएको वा विज्ञापनमा उल्लेखित अन्य विवरणहरु नखुलेको वा परीक्षा दस्तुर नबुझाएको दरखास्त उपर कुनै कारबाही गरिने छैन।

(६) यस नियमावली बमोजिम लिइने परीक्षाहरु आयोगले तोकेको केन्द्रमा सञ्चालन हुनेछन्।

(७) उपनियम (३) बमोजिम प्रकाशित विज्ञापन सामान्यतया रद्ध गरिने छैन।

तर कुनै अप्रत्यासित कठिनाई आइपरेमा प्रकाशित विज्ञापन आयोगले रद्ध गर्न वा स्थगित गर्न सक्नेछ।

(८) उपनियम (७) बमोजिम विज्ञापन रद्द गरिएमा वा कुनै उम्मेदवारको दरखास्त अस्वीकृत भएको अवस्थामा बाहेक उम्मेदवारले आयोगमा बुझाएको परीक्षा दस्तुर फिर्ता हुनेछैन।

(९) उम्मेदवारको अन्य छनौट प्रक्रिया सशस्त्र प्रहरी नियमावली, २०६० बमोजिम हुनेछ।

११. **आयोगमा विशेषज्ञलाई आमन्त्रण गरिने** : प्राविधिक समूहका पदमा नयाँ नियुक्तिको लागि छनौट गर्दा आयोगमा सम्बन्धित समूहको विशेषज्ञलाई आमन्त्रण गर्नुपर्नेछ ।

१२. **अन्तरवार्ता समितिको गठन** : (१) खुल्ला प्रतियोगितात्मक परीक्षामा सफल भएका उम्मेदवारको अन्तरवार्ता लिनको लागि आयोगले आवश्यकता अनुसार अन्तरवार्ता समिति गठन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको अन्तरवार्ता समितिको अध्यक्षता आयोगले तोकेको व्यक्तिले गर्नेछ ।

(३) अन्तरवार्ता समितिको कार्यविधि आयोगले तोके बमोजिम हुनेछ ।

१३. **करार सेवामा नियुक्ति गर्न सक्ने** : (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राविधिक समूह वा उपसमूहको कुनै पदको लागि आवश्यक विशेषज्ञता हासिल गरेको कुनै व्यक्ति अत्यावश्यक छ भन्ने लागेमा त्यस्तो व्यक्तिलाई अख्तियारवालाले प्राविधिक समूहको कुनै पदमा बढीमा दुई वर्षसम्मको लागि करार सेवामा नियुक्ति गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम करार सेवामा नियुक्ति गर्दा प्रचलित कानून बमोजिमको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम करारमा नियुक्त भएको व्यक्तिलाई सशस्त्र प्रहरी बलको निर्देशनालय, विभाग, महाशाखा तथा शाखा प्रमुखको रुपमा काममा लगाइने छैन ।

(४) उपनियम (१) बमोजिम करार सेवामा नियुक्त भएको व्यक्तिले पाउने तलव, भत्ता तथा अन्य सुविधा निज जुन श्रेणी र तहको पदमा नियुक्ति भएको हो सोही श्रेणी र तहको पदको सरह हुनेछ ।

(५) उपनियम (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस नियम बमोजिम करार सेवामा नियुक्ति हुने व्यक्तिले सशस्त्र प्रहरीको दर्ज्यानी चिन्ह, पोशाक प्रयोग गर्न पाउने छैन र निजलाई लत्ता कपडा र राशन सुविधा उपलब्ध गराइने छैन ।

नेपाल कानून आयोग

## परिच्छेद –३

## तालीम, सरुवा, बढुवा तथा सेवा परिवर्तन

१४. **तालीम** : (१) प्राविधिक समूहको पदमा नयाँ नियुक्ति भएको सशस्त्र प्रहरीले सशस्त्र प्रहरी बल प्रधान कार्यालयले तोके बमोजिमको सशस्त्र प्रहरी प्राविधिक आधारभूत तालीम लिनु पर्नेछ ।

(२) एकैपटक नियुक्ति भएका वा बढुवा भएका प्राविधिक समूहका प्रहरीलाई आन्तरिक तालीममा मनोनयन गर्दा साधारणतया जेष्ठताको आधारमा समान अवसर प्राप्त हुने गरी गरिनेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यालयको कामको सिलसिलामा वा अवस्था परी आधारभूत तालीममा समावेश गराउन नसकिएको सशस्त्र प्रहरीलाई अर्को आधारभूत तालीममा समावेश गराइनेछ ।

(४) उपनियम (२) बमोजिम तालीममा समावेश हुन नसकेको कारणले मात्र कुनै सशस्त्र प्रहरीको जेष्ठतामा कुनै असर पर्ने छैन ।

(५) प्राविधिक समूहका सशस्त्र प्रहरीलाई पदोन्नति एवं स्तरवृद्धिको लागि सशस्त्र प्रहरी बल प्रधान कार्यालयले आवश्यकता अनुसार पेशागत तालीमको व्यवस्था गर्नेछ ।

१५.. **बढुवा** : (१) प्राविधिक समूहका राजपत्राङ्कित श्रेणीको पदमा बढुवा हुनका लागि एक तह मुनीको  पदमा कम्तीमा चार वर्ष सेवा अवधि पूरा गरेको हुनु पर्नेछ ।

तर प्राविधिक समूहको सशस्त्र प्रहरी नायव महानिरीक्षक वा सोभन्दा माथिको पदमा बढुवा हुन उल्लिखित सेवा अवधि पुरा गर्नु पर्ने छैन ।

(२) प्राविधिक समूहको राजपत्र अनङ्कित श्रेणीको पदमा बढुवा हुनका लागि एक तह मुनिको पदमा कम्तीमा दुई वर्ष सेवा अवधि पूरा गरेको हुनु पर्नेछ ।

(३) वढुवाको निमित्त उम्मेदवार हुन वढुवा हुने पदको श्रेणी भन्दा एक श्रेणी मुनिको पदको लागि तोकिएको शैक्षिक योग्यता र सम्बन्धित विषयमा तालीम लिएको हुनु पर्नेछ ।

(४) वढुवा समितिले प्राविधिक सशस्त्र प्रहरीलाई वढुवाको लागि सिफारिस गर्दा निजको योग्यता र कार्य क्षमताको मूल्याङ्कनको आधारमा गर्नेछ ।

(५) प्राविधिक सशस्त्र प्रहरीको कार्यक्षमताको मूल्याङ्कन गर्दा देहाय वमोजिम अधिकतम एकसय अङ्क दिइनेछ :-

(क) कार्य सम्पादन मूल्याङ्कन वापत - बीस अङ्क

(ख) जेष्ठता वापत - तीस अङ्क

(ग) देशका विभिन्न भौगोलिक क्षेत्रमा काम गरे वापत - पन्ध्र अङ्क

(घ) शैक्षिक योग्यता वापत - पच्चीस अङ्क

(ङ) बिषयगत तालीम वापत - दश अङ्क

(६) समान जेष्ठताक्रम वा उपनियम (४) को मूल्याङ्कन बराबर भएमा अघिल्लो पदमा योग्यताक्रममा अगाडि रहेको व्यक्तिले वढुवामा प्राथमिकता पाउनेछ।

१६. **कार्य सम्पादनको मूल्याङ्कन** :(१) सशस्त्र प्रहरीको कार्यसम्पादनको मूल्याङ्कनको लागि प्रयोग गरिने कार्यसम्पादनको मूल्याङ्कन फारम अनुसूची -२ बमोजिम हुनेछ।

(२) सशस्त्र प्रहरीको कार्यसम्पादन मूल्याङ्कनको कूल अङ्कको विभाजन देहाय बमोजिम हुनेछः-

(क) सुपरीवेक्षकले दिन सक्ने अधिकतम - दश अङ्क

(ख) पुनरावलोकनकर्ताले दिन सक्ने अधिकतम - छ अङ्क

(ग) पुनरावलोकन समितिले दिन सक्ने अधिकतम - चार अङ्क

(३) प्राविधिक सशस्त्र प्रहरीको कार्य सम्पादन मूल्याङ्कन गर्न सशस्त्र प्रहरी नियमावली, २०६० बमोजिमको सुपरिवेक्षक,पुनरावलोकनकर्ता तथा पुनरावलोकन समिति रहनेछ र सोही नियमावली बमोजिमको कार्यविधि अपनाई कार्य सम्पादन मूल्याङ्कन गरिनेछ।

१७. **जेष्ठताको मूल्याङ्कन** : सशस्त्र प्रहरीलाई जेष्ठता वापतको अङ्क प्रदान गर्दा वहाल रहेको श्रेणी वा तहको पदमा काम गरेको प्रत्येक वर्षको लागी तीन अङ्कका दरले अधिकतम तीस अङ्क दिईनेछ।

तर एक वर्ष भन्दा कम अवधिको जेष्ठता वापतको अङ्क गणना गर्दा समानुपातिक हिसाववाट गणना गरिनेछ।

नेपाल कानून आयोग

१८. **भौगोलिक क्षेत्रमा काम गरेको अनुभव** : (१) सशस्त्र प्रहरीलाई नेपालको विभिन्न क्षेत्रमा काम गरेको अनुभवको अङ्क प्रदानगर्दा देशको विभिन्न क्षेत्रलाई अनुसूची -३ बमोजिम क्रमश: "क" "ख" र "ग" तीन वर्गमा विभाजन गरी तीमध्ये एक वा एक भन्दा बढी वर्गमा काम गरेको अनुभब वापत पन्ध्र अङ्कमा नबढ्ने गरी देहाय बमोजिम अङ्क दिइनेछ :-

(क) "क" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि ३ अङ्कका दरले,

(ख) "ख" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि २ अङ्कका दरले,

(ग) "ग" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि १.५ अङ्कका दरले,

(२) उपनियम (१) बमोजिम प्राप्त हुने अङ्क छ महिनाभन्दा बढी रुजु हाजिर भई कुनै पनि वर्गमा सेवा गरेमा समानुपातिक हिसावमा दिइनेछ ।

(३) उपनियम (३) बमोजिम विभिन्न वर्गमा काम गरे वापत दिइने अङ्क बहाल रहेको श्रेणी वा पदमा प्राप्त भएको भए मात्र गणना गरिनेछ ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि छ महिनाभन्दा कम अवधि काम गरेकोमा वा वैदेशिक काज वा तालीममा जाने कर्मचारीलाई "ग" वर्ग सरहको अङ्क दिइनेछ ।

१९. **शैक्षिक योग्यता** : (१) प्राविधिक समूहमा रहने पदहको लागि आवश्यक पर्ने न्यूनतम् शैक्षिक योग्यता नियम ९ मा उल्लेख भए वमोजिम हुनेछ ।

(२) यस नियम बमोजिम प्राविधिक सशस्त्र प्रहरीको शुरु नियुक्ति हुने पदमा तोकिएको न्यूनतम शैक्षिक योग्यतामा कुनै कारणले परिवर्तन भएमा निजले सेवा प्रवेश गर्दा तोकिएको शैक्षिक योग्यतालाई नै न्यूनतम शैक्षिक योग्यता मान्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको न्यूनतम शैक्षिक योग्यतालाई वढुवा प्रयोजनको लागि समेत गणना गरिनेछ ।

(४) यस नियम बमोजिम प्रदान गर्ने शैक्षिक योग्यता वापतको अङ्क निर्धारण देहाय बमोजिम हुनेछ :-

| | | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी |
|---|---|---|---|---|
| (क) | सेवा प्रवेशका लागि आधारभूत योग्यता | १४ | १२ | १० |
| (ख) | आधारभूत योग्यता भन्दा माथिल्लो तहको विशेषज्ञता | ११ | ९ | ७ |

२०. **विषयगत तालीम** : (१) प्राविधिक समूहका सशस्त्र प्रहरीलाई सम्बन्धित विषयमा व्यवसायिक तालीमको अवसर दिइनेछ ।

(२) सशस्त्र प्रहरीलाई तालीम बापत देहाय बमोजिम अङ्क प्रदान गरिनेछ :-

| | | |
|---|---|---|
| (क) | नौ महिना वा सो भन्दा बढी अवधिको विषयगत तालीम वापत | - १० अङ्क |
| (ख) | छ महिना देखि नौ महिनासम्मको विषयगत तालीम बापत | - ६ अङ्क |
| (ग) | दुई महिनादेखि छ महिनासम्मको विषयगत तालीम वापत | - ४ अङ्क |
| (घ) | एक महिनेदेखि दुई महिनासम्मको विषयगत तालीम वापत | - २ अङ्क |

(३) उपनियम (१) बमोजिम अङ्क प्रदान गर्दा एकै प्रकारको तालीम जतिसुकै पटक लिएको भए पनि एक पटक मात्र अङ्क दिईनेछ

(४) उपनियम (३) बमोजिमको तालीम फरक फरक प्रकारको विषयगत तालीम भएमा सो बापत नौ महिनाको अवधिलाई दश अङ्क दिने गरी तालीम लिएको अवधिको अनुपातमा अधिकतम १० अङ्क ननाघ्ने गरी अङ्क दिइनेछ ।

२१. **सरुवा, बढुवा, अध्ययन र तालीम सम्वन्धी विशेष व्यवस्था** : (१) प्राविधिक समूहका सशस्त्र प्रहरीलाई सरुवा र बढुवा गर्दा सम्बन्धित समूह तथा उपसमूह अन्तर्गतका पदमा गरिनेछ ।

(२) प्राविधिक समूहका सशस्त्र प्रहरीलाई अध्ययन वा तालीममा मनोनयन गर्दा सम्बन्धित समूह उपसमूहका सशस्त्र प्रहरीहरुमध्येबाट छनौट गरी गरिनेछ ।

२२. **समूह परिवर्तन** : (१) प्राविधिक समूहका सशस्त्र प्रहरीलाई सामान्यतया एक प्राविधिक समूहबाट अर्को प्राविधिक समूह वा उपसमूहमा समूह परिवर्तन तथा सरुवा र बढुवा गरिने छैन ।

(२) ऐनको दफा १६ बमोजिम स्थानान्तरण भई आएका सशस्त्र प्रहरीलाई पुनः प्राविधिक समूहमा सरुवा वा पदस्थापन गरिने छैन ।

(३) प्राविधिक समूहको सशस्त्र प्रहरीमा भर्ना भै इन्फेन्ट्रीतर्फ गई सकेका सशस्त्र प्रहरीलाई पुनः प्राविधिक समूहमा सरुवा वा स्थानान्तरण गरिने छैन ।

## परिच्छेद -४

## अध्ययन र तालीम सम्बन्धी व्यवस्था

नेपाल कानून आयोग

२३. **अध्ययन बिदा** : (१) प्राविधिक समूहका सशस्त्र प्रहरीलाई आवश्यक पर्ने विषयमा नेपाल सरकारको स्वीकृति लिई खुल्ला प्रतियोगिता वा आन्तरिक प्रतियोगितामा छानिई वा नेपाल सरकारलाई प्राप्त छात्रवृत्तिमा मनोनयन भै स्वदेश वा विदेशमा अध्ययन गर्न जाने सशस्त्र प्रहरी प्राविधिक कर्मचारीलाई सेवा अवधि भरमा एकै पटक वा पटक पटक गरी बढीमा तीन वर्षको लागि अध्ययन विदा दिन सकिनेछ ।

तर,

(१) कुनै प्राविधिक विषयमा अध्ययन गर्न गएको सशस्त्र प्रहरीलाई कुनै विश्वविद्यालयले तोकेको पाठ्यक्रम बमोजिम सोही विषयको अध्ययन पूरा गर्न अध्ययन विदा थप गर्नु पर्ने भएमा त्यस्तो विश्वविद्यालयको सिफारिसमा बढीमा तीन वर्षसम्म अध्ययन विदा थप गर्न सकिनेछ ।

(२) एकपटक अध्ययन पूरा गरी सेवामा हाजिर भएको सशस्त्र प्रहरीलाई कम्तीमा तीन वर्ष सेवा नगरी पुनःअर्को पटक अध्ययन विदा दिईने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले कुनै आर्थिक दायित्व व्यहोर्न नपर्ने गरी कुनै प्राविधिक समूहका सशस्त्र प्रहरी छात्रवृत्तिमा अध्ययन गर्न गएको र निजको अध्ययन अवधि तीन वर्षभन्दा बढी भए अध्ययन गर्ने संस्थाबाट प्राप्त प्रगति विवरण र पाठ्यक्रमको आधारमा थप अध्ययन विदा स्वीकृत गर्न सकिनेछ ।

तर एक विषयमा अध्ययन गर्न अध्ययन विदा लिई गएको सशस्त्र प्रहरीलाई त्यही विषयको थप उपाधि हासिल गर्न बाहेक अर्को विषयमा अध्ययन गर्न थप अध्ययन विदा दिईने छैन ।

(३) तीन वर्ष सेवा अवधि पूरा नभई कुनै पनि प्राविधिक समूहको सशस्त्र प्रहरीलाई अध्ययन विदा वा प्राविधिक समूह वा उपसमूहसँग सम्बन्धित विषयको छात्रवृत्तिमा मनोनयन गरिने छैन ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपनियम बमोजिमको अवधि पुगेको उम्मेदवार नभएमा वा त्यस्तो अवधि पुगेको सशस्त्र प्रहरीले अध्ययन गर्न नचाहेमा सो भन्दा कम सेवा अवधि पूरा भएको जेष्ठताक्रममा अगाडि रहेको प्राविधिक समूहको सशस्त्र प्रहरीलाई अध्ययन विदा दिन सकिनेछ ।

तर परीक्षणकाल पूरा नगरेको र प्राविधिक आधारभूत तालीम नलिएको सशस्त्र प्रहरीलाई यस्तो विदा दिइने छैन र एउटै जेष्ठताक्रममा एक भन्दा बढी उम्मेदवार भए सो मध्ये योग्यताक्रममा अगाडि रहेको सशस्त्र प्रहरीलाई पहिले मनोनयन गरिनेछ ।

(५) अध्ययन र तालीममा छनौट गर्दा जेष्ठताको आधारमा गरिनेछ ।

(६) उपनियम (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो अध्ययन वा तालीम गराउने संस्थाले नै प्रतियोगिताबाट छनौट गर्नु पर्ने भनी तोकेको अवस्थामा देहायका आधारमा छनौट गरिनेछ :-

(क) सम्बन्धित विषयको लिखित र मौखिक परीक्षाबाट प्राप्त अङ्क ।

(ख) भाषा सम्बन्धी ज्ञान आवश्यक पर्ने स्थितिमा भाषा परीक्षामा प्राप्त अङ्क ।

(ग) शैक्षिक योग्यताको श्रेणी वापत प्राप्त अङ्क ।

(७) उपनियम (५) वा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (२) बमोजिम अध्ययन वा तालीममा जाने सशस्त्र प्रहरीको हकमा सम्बन्धित संस्थाको छनौट प्रक्रिया अनुरुप हुनेछ ।

(८) प्राविधिक समूहलाई उपयोगी र आवश्यक पर्ने विषयमा संगठनको प्रयासमा नेपाल सरकारको पूर्व स्वीकृति लिई निजी खर्चमा अध्ययन गर्न जाने सशस्त्र प्रहरीलाई उपनियम (२) बमोजिम अध्ययन विदा दिईनेछ ।

तर त्यस्ता सशस्त्र प्रहरीलाई सो अवधिको तलब भत्ता दिईने छैन ।

(९) कुनै सशस्त्र प्रहरीलाई छात्रवृत्तिमा छनौट गर्दा उम्मेदवार संख्या भएसम्म जेष्ठताक्रम अनुसार एक छात्रवृत्ति बराबर तीन जनालाई छनौट परीक्षामा समावेश गरिनेछ ।

(१०) उपनियम (९) बमोजिम समावेश भएका उम्मेदवारहरुमध्ये जेष्ठता क्रममा अगाडि रहेको व्यक्तिले आवश्यक उत्तीर्णाङ्क प्राप्त नगरेमा त्यस पछिका सफल उम्मेदवारको जेष्ठताक्रम अनुसार छनौट गरिनेछ ।

(११) अध्ययन विदामा रहेको सशस्त्र प्रहरीले अध्ययन विदाको अवधिभर घर विदा पाउने छैन ।

(१२) यस नियममा अन्यत्र अन्यथा व्यवस्था भएकोमा बाहेक अध्ययन विदामा बस्ने सशस्त्र प्रहरीले पूरा तलब भत्ता पाउनेछ ।

२४. **अध्ययन बृत्ति** : (१) प्राविधिक समूहको जनशक्ति विकासको लागि नेपाल सरकारले अत्यावश्यक ठानी देहायका मुलुकमा अध्ययन गर्न पठाएकोमा पहिलो पन्ध्र दिनसम्मको लागि प्रचलित दैनिक भ्रमण भत्ता नियमानुसारको भत्ता र त्यसपछि देहाय बमोजिमको मासिक अध्ययन वृत्ति दिईनेछ :-

(क) भारतमा :

(१) राजपत्राङ्कित कर्मचारीलाई एकसय सात यु.एस.डलर,

(२) राजपत्र अनङ्कित कर्मचारीलाई अस्सी यु.एस.डलर ।

(ख) पाकिस्तान, बङ्गलादेश, श्रीलंका र थाईलैण्डमा :

(१) राजपत्राङ्कित कर्मचारीलाई एकसय चौवालीस यु.एस.डलर,

(२) राजपत्र अनङ्कित कर्मचारीलाई एकसय आठ यु.एस.डलर ।

(ग) खण्ड (क) र (ख) बाहेकका अन्य देशहरुमा :

(१) राजपत्राङ्कित कर्मचारीलाई एक सय पचपन्न यु.एस.डलर,

(२) राजपत्र अनङ्कित कर्मचारीलाई एक सय पन्ध्र यु.एस.डलर ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपालमा नै अध्ययन गर्ने प्राविधिक समूहका सशस्त्र प्रहरीको हकमा नेपाल सरकारले समय समयमा निर्धारण गरि दिए बमोजिमको अध्ययन वृत्ति दिईनेछ ।

(३) उपनियम (१) र (२) बमोजिम अध्ययनमा पठाउनु अघि अध्ययन गर्दा लाग्ने आवश्यक खर्चको प्रबन्ध अन्यत्र कहीबाट हुन सक्ने वा नसक्ने र हुन सक्ने भए के कति प्राप्त हुन सक्ने भन्ने जानकारी लिएर मात्र पठाउनु पर्नेछ ।

(४) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा देहाय बमोजिमको अध्ययन वृत्ति दिईनेछ :-

(क) खाना वा बास खर्च मध्ये कुनै एकको प्रबन्ध भएकोमा उपनियम (१) मा उल्लिखित दरको आधा ।

(ख) खाना वा बास खर्चसम्मको प्रबन्ध भएकोमा उपनियम (१) मा उल्लिखित दरको एक चौथाई ।

(ग) अध्ययनको लागि सम्बन्धित शिक्षण संस्थाले सिफारिस गरे बमोजिमको पाठ्यपुस्तक तथा अन्य खर्चको लागि ट्यूशन शुल्क लगायतका अन्य शुल्क मध्ये नेपाल सरकारले निर्धारण गरे बमोजिमको दरमा पूर्ण वा आंशिक खर्च ।

(५) खाने बस्ने लगायतको सम्पूर्ण अध्ययन खर्चको प्रबन्ध भएकोमा र स्वीकृत अध्ययन बिदाको अवधि समाप्त भएपछि कुनै किसिमको अध्ययन वृत्ति दिईने छैन ।

२५. **अध्ययन काज** : (१) प्राविधिक समूहका लागि अत्यावश्यक जनशक्ति तयार गर्नका लागि कुनै खास प्राविधिक समूहका सशस्त्र प्रहरीलाई तालीममा पठाउन आवश्यक भएमा पूरा तलब भत्ता पाउने गरी अध्ययन काजमा पठाईनेछ ।

नेपाल कानून आयोग

(२) उपनियम (१) बमोजिम अध्ययन काज पठाउँदा तालीमको लागि मात्र पठाइनेछ र शैक्षिक उपाधि हासिल गर्ने प्रयोजनको लागि यसरी अध्ययन काज दिईने छैन ।

२६. **अनिवार्य सेवा गर्नु पर्ने** : अध्ययन विदामा गई कुनै शैक्षिक उपाधि हासिल गरी वा अध्ययन काजमा गई तालीम प्राप्त गरी फर्केको प्राविधिक समूहका सशस्त्र प्रहरीले देहाय बमोजिमको अवधिसम्म सशस्त्र प्रहरी बलमा अनिवार्य सेवा गर्नु पर्नेछ :-

| | अध्ययन वा तालीमको अवधि | सेवा गर्नु पर्ने न्यूनतम अवधि |
|---|---|---|
| (क) | तीन महिनासम्म | एक वर्ष, |
| (ख) | तीनदेखि छ महिनासम्म | डेढ वर्ष, |
| (ग) | छदेखि नौ महिनासम्म | दुई वर्ष, |
| (घ) | नौमहिनादेखि एक वर्षसम्म | तीन वर्ष, |
| (ङ) | एक वर्षदेखि दुई वर्षसम्म | चार वर्ष, |
| (च) | दुई वर्षदेखि तीन वर्षसम्म | पाँच वर्ष, |
| (छ) | तीन वर्षदेखि चार वर्षसम्म | सात वर्ष, |
| (ज) | चार वर्षदेखि छ वर्षसम्म | आठ वर्ष । |

२७. **कवुलियत गर्नु पर्ने** : (१) प्राविधिक समूहका सशस्त्र प्रहरीले अध्ययन वा तालीम लिन जानु भन्दा अघि त्यस्तो अध्ययन वा तालीम समाप्त भएपछि नियम २६ बमोजिमको अवधिसम्म अनिवार्य सेवा गर्ने कवुलियत गराउन पर्नेछ ।

(२) प्राविधिक समूहको सशस्त्र प्रहरीले अध्ययन वा तालीम पूरा गरेपछि सेवा गर्न नआएमा वा नियम २६ बमोजिमको सेवा अवधि पूरा नगरेमा त्यस्तो सशस्त्र प्रहरीले अध्ययन वा तालीम अवधिमा पाएको तलब, भत्ता, नेपाल सरकारबाट दिइएको अध्ययन वृत्ति उपलब्ध गराएको भए त्यस्तो वृत्ति बापतको रकम र नेपाल सरकारलाई वा सशस्त्र प्रहरी बललाई प्राप्त भएको छात्रवृत्ति भए त्यस्तो छात्रवृत्ति वापत प्राप्त वा सो बराबरको रकम, ट्यूशन शुल्क र हवाई खर्च तथा कबुलियतमा उल्लेख भएका अन्य रकम र त्यसमा लाग्ने प्रचलित व्याज समेत निजबाट भुक्तानी गर्नु पर्नेछ ।

नेपाल कानून आयोग

(३) उपनियम (३) बमोजिम भुक्तानी नगरेमा निजले पाउने कुनै रकम भए सो कट्टा गरी  असुल नभएको बाँकी रकम सरकारी बांकी सरह असुल उपर गरिनेछ।

## परिच्छेद –५

## अवकाश

२८. **अनिवार्य अवकाश** : (१) प्राविधिक समूहका सशस्त्र प्रहरीले देहायको बमोजिम उमेर पूरा गरेपछि वा निजको तीस वर्ष सेवा अवधि पूरा भएपछि सेवाबाट अनिवार्य अवकाश पाउनेछ :-

(क) सशस्त्र प्रहरी नायव उपरीक्षकदेखि अतिरिक्त महानिरीक्षकसम्म - अन्ठाउन्न वर्ष

(ख) सशस्त्र प्रहरी निरीक्षक - छपन्न वर्ष

(ग) सशस्त्र प्रहरी नायव निरीक्षक /सशस्त्र प्रहरी सहायक निरीक्षक - चौवन्न वर्ष

(घ) सशस्त्र प्रहरी वरिष्ठ हवल्दार, सशस्त्र प्रहरी हवल्दार, सशस्त्र प्रहरी सहायक हवल्दार र सशस्त्र प्रहरी जवान - पचास वर्ष

(ङ) सशस्त्र प्रहरी परिचर वा सो सरह - पचपन्न वर्ष

(२) प्राविधिक समूहका देहायको सशस्त्र प्रहरी देहायको पदमा बढुवा भएको मितिले देहायका अवधिसम्म बहाल रहनेछ र सो अवधि समाप्त भएपछि निजले सशस्त्र प्रहरी सेवाबाट स्वतः अवकाश प्राप्त गर्नेछ :-

(क) सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक - पाँच वर्ष,

(ख) सशस्त्र प्रहरी नायव महानिरीक्षक - पाँच वर्ष

(ग) सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक - छ वर्ष

(घ) सशस्त्र प्रहरी उपरीक्षक - दश वर्ष

(३) प्राविधिक समूहको सशस्त्र प्रहरीले उमेरको हद वा सम्बन्धित पदको अवधि वा सेवा अवधिमध्ये कुनै एक पूरा गरेपछि सशस्त्र प्रहरी सेवाबाट स्वतः अवकाश पाउनेछ ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राविधिक समूहको कुनै सशस्त्र प्रहरीको सेवा आवश्यक परेमा उपनियम (१) बमोजिमको उमेरको हदको अधीनमा रही उपनियम (२) बमोजिम पदावधि समाप्त भएको मितिले निजको बढीमा दुई वर्षसम्मको एक पदावधि थप गर्न सकिनेछ ।

(५) उपनियम (४) बमोजिम पदावधि थप गर्नु नपर्ने भएमा सोको कारण खुलाई सम्बन्धित सशस्त्र प्रहरीलाई सोको जानकारी दिनु पर्नेछ ।

## परिच्छेद –६

## विविध

२९. **राशन र पोशाक सुविधा** : (१) प्राविधिक समूहको सशस्त्र प्रहरीले पाउने राशन, पोशाक, सामान र अन्य सुविधा सशस्त्र प्रहरी नियमावली, २०६० मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) प्राविधिक समूहका सशस्त्र प्रहरीलाई अनुसूची -४ मा उल्लेख भए बमोजिमको अतिरिक्त पोशाक सुविधा समेत दिईनेछ ।

३०. **विशेष भत्ता** : प्राविधिक समूहमा कार्यरत सशस्त्र प्रहरीलाई नेपाल सरकारले समय समयमा निर्धारण गरे बमोजिमको विशेष भत्ता वा प्राविधिक भत्ता वा अन्य थप सुविधा समेत दिईनेछ ।

३१. **अनुसूचीमा थपघट तथा हेरफेर गर्न सक्ने** : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस नियमावलीको अनुसूचीमा आवश्यकता अनुसार हेरफेर तथा थपघट गर्न सक्नेछ ।

३२. **सेवाका अन्य शर्तहरु** : यस नियमावलीमा उल्लेख भएका कुराहरुमा यसै नियामावली बमोजिम र यस नियामावलीमा उल्लेख नभएका प्राविधिक समूहका सशस्त्र प्रहरीको सेवाका अन्य शर्तहरु सशस्त्र प्रहरी नियमावली, २०६० बमोजिम हुनेछ ।

३३. <u>बचाउ</u> : यो नियमावली प्रारम्भ हुँदाका बखत सशस्त्र प्रहरी बलको प्राविधिक पदमा नियुक्त भई कार्यरत सशस्त्र प्रहरीहरु यसै नियमावली बमोजिम नियुक्त भई कार्यरत रहेको मानिनेछ ।

नेपाल कानून आयोग

## अनुसूची- १

(नियम ४ संग सम्बन्धित)

## प्राविधिक समूह तथा उपसमूह

१. **स्वास्थ्य समूह** — **उपसमूह**

१. मेडिसिन उपसमूह

२. जनरल सर्जरी उपसमूह

३. अर्थोपेडिक सर्जरी उपसमूह

४. प्याथोलोजि उपसमूह

५. रेडियोलोजि उपसमूह

६. एनेस्थेसिया उपसमूह

७. मानसिक रोग उपसमूह

८. बाल रोग उपसमूह

९. अब्स गाईनी उपसमूह

१०. नाक,कान,घाँटी तथा आँखा उपसमूह

११. डेन्टल सर्जरी उपसमूह

१२. नर्सिङ्ग उपसमूह

१३. टेक्नोलोजि उपसमूह

१४. फार्मेसी उपसमूह

२. **सञ्चार समूह** — **उपसमूह**

१. व्यवस्थापन उपसमूह

नेपाल कानून आयोग

२. तालीम उपसमूह

३. सञ्चार परिचालन उपसमूह

४. मर्मत सम्भार उपसमूह

३. **इन्जिनियरिङ्ग समूह** **उपसमूह**

१. निर्माण उपसमूह

२. मर्मत उपसमूह

३. योजना उपसमूह

४. **सवारी समूह,**

५. **कम्प्यूटर समूह,**

६. **बैण्ड (वाद्यवादन) समूह,**

७. **हातहतियार मर्मत समूह,**

८. **फोटोग्राफी तथा श्रव्य दृश्य समूह,**

९. **पशु स्वास्थ्य तथा डग हैण्डलर समूह,**

१०. **छापाखाना समूह,**

११. **सशस्त्र प्रहरी वैज्ञानिक प्रयोगशाला समूह,**

१२. **नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिमका अन्य समूह तथा उपसमूहहरु ।**

नेपाल कानून आयोग

# अनुसूची-२

(नियम १६ को उपनियम (१) सँग सम्बन्धित)

## कार्य सम्पादन मूल्याङ्कन फाराम

कार्य सम्पादन, वैयक्तिक गुण, चरित्र र क्षमताको मूल्याङ्कन फाराम भर्ने निर्देशिका

(१) प्राविधिक सशस्त्र प्रहरीको कार्य सम्पादन, वैयक्तिक गुण, चरित्र र क्षमताको आधारमा पदोन्नतिको सम्भाव्यता मूल्याङ्कन गर्ने उद्देश्यले राजपत्राङ्कित प्राविधिक सशस्त्र प्रहरी अधिकृतको निमित्त भाग १ बमोजिमको र राजपत्रअनङ्कित प्राविधिक सशस्त्र प्रहरीको निमित्त भाग २ बमोजिमका फारामहरु व्यवस्था गरिएका छन्।

(२) प्रत्येक प्राविधिक सशस्त्र प्रहरीको निमित्त सुपरीवेक्षक, पुनरावलोकनकर्ता र पुनरावलोकन समितिले तीन छुट्टाछुट्टै महलमा आ-आफ्नो अङ्क दिनु पर्नेछ।

(३) प्रत्येक वर्ष सुपरिवेक्षकले आफूले सुपरिवेक्षण गर्नु पर्ने प्राविधिक सशस्त्र प्रहरीको मूल्याङ्कन यस फाराममा उल्लेख भएका आधारमा सही रुपमा भरी सम्बन्धित पुनरावलोकनकर्ताकहाँ प्रत्येक वर्षको श्रावण १५ गतेभित्र पठाउनु पर्नेछ।

(४) पुनरावलोकनकर्ताले पनि आफूकहाँ प्राप्त भएको मितिले १५ दिनभित्र सोही आधारमा छुट्टै मूल्याङ्कन गरी सम्बन्धित पुनरावलोकन समिति समक्ष पठाउनु पर्ने छ।

(५) पुनरावलोकन समितिले आफुकहाँ प्राप्त भएको मितिले एक महिनाभित्र सोही आधारमा छुट्टै मूल्याङ्कन गरी राजपत्र अनङ्कित सशस्त्र प्रहरीको भए सम्बन्धित बढुवा समिति समक्ष र राजपत्राङ्कित सशस्त्र प्रहरीमध्ये सशस्त्र प्रहरी उपरीक्षकभन्दा माथिको भए नेपाल सरकार गृह मन्त्रालयमा र अन्यका हकमा सम्बन्धित बढुवा समिति समक्ष पठाउनु पर्नेछ।

(६) एक अवधिभित्र एकभन्दा बढी सुपरीवेक्षक, पुनरावलोकनकर्ता वा पुनरावलोकन समितिको अन्तर्गत रही काम गरेको सशस्त्र प्रहरीको मूल्याङ्कन गर्दा सो अवधिको अन्तमा उक्त सशस्त्र प्रहरी जसको अन्तर्गत रही काम गरेको हुन्छ उसले पूरै अवधिको फाराम भर्नु पर्नेछ।

(७) यो फाराम भर्ने प्रत्येक तहका मूल्याङ्कनकर्ताले फाराम भरेपछि नाम, दर्जा र मिति अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ।

# भाग १

## राजपत्राङ्कित सशस्त्र प्रहरी अधिकृतको निमित्त

नाम थर ………………………………………………………………………व्यक्तिगत नम्वर………………………

दर्जा ………………………………………………………………………… कार्यालय………………………………

समूह/उपसमूह……………………………………………………………………

अवधि………………………………मिति …………………देखि……………………सम्म………………………

| सि.नं. | व्यक्तिगत गुण, चरित्र, क्षमता र कार्य सम्पादन | सुपरीवेक्षकले भर्ने | पुनरावलोकनकर्ताले भर्ने | पुनरावलोकन समितिले भर्ने | जम्मा |
|---|---|---|---|---|---|
| | | प्रत्येक महलमा अधिकतम ०.५० अङ्कको दरले | प्रत्येक महलमा अधिकतम ०.३० अङ्कको दरले | प्रत्येक महलमा अधिकतम ०.२० अङ्कको दरले | |
| १. | अनुशासन र शिष्टता | | | | |
| २. | कामको परिमाण र स्तर | | | | |
| ३. | शारीरिक क्षमता र सहनशक्ति | | | | |
| ४. | इमान्दारी र नैतिकता | | | | |
| ५. | उत्तरदायित्व वहन गर्ने क्षमता | | | | |
| ६. | चालढाल | | | | |
| ७. | निर्णायक शक्ति र निर्भरता | | | | |
| ८. | परिस्थिति अनुसार काम गर्ने क्षमता | | | | |

नेपाल कानून आयोग

| | | | | |
|---|---|---|---|---|
| ९. | योजना कार्य संगठन क्षमता | | | |
| १० | व्यवसायिक सिप ज्ञानको प्रयोग | | | |
| ११. | वैचारिक परिपक्वता | | | |
| १२. | निर्देशन अनुसार काम गर्ने क्षमता | | | |
| १३. | रेखदेख तथा नियन्त्रण गर्ने क्षमता | | | |
| १४ | काम प्रतिको उत्साह र लगनशिलता | | | |
| १५. | श्रृजनात्मक प्रतिभा | | | |
| १६. | सहयोगी भावना | | | |
| १७. | कार्यकुशलता | | | |
| १८ | साहस | | | |
| १९. | अभिव्यक्ति क्षमता | | | |
| २० | सेवा प्रतिको निष्ठा | | | |
| जम्मा :- | | | | |

नेपाल कानून आयोग

सुपरीवेक्षकको नाम : पुनरावलोकनकर्ताको नाम : पुनरावलोकन समितिका पदाधिकारीको

नाम, दस्तखत,दर्जा, मिति तथा कार्यालय :

**दस्तखत :** **दस्तखत :** (क)

**मिति :** **मिति :** (ख)

**दर्जा :** **दर्जा :** (ग)

**कार्यालय :** **कार्यालय :**

भाग-२

## राजपत्र अनङ्कित सशस्त्र प्रहरीको निमित्त

नाम थर ……………………………………………………………………व्यक्तिगत नम्वर……………………………………

दर्जा ……………………………………………………………………… कार्यालय…………………………………………………

समूह/उपसमूह…………………………………………………………………………………

अवधि…………………………मिति …………………देखि………………सम्म……………………….

| सि.नं. | व्यक्तिगत गुण, चरित्र, क्षमता र कार्य सम्पादन | सुपरीवेक्षकले भर्ने | पुनरावलोकनकर्ताले भर्ने | पुनरावलोकन समितिले भर्ने | जम्मा |
|---|---|---|---|---|---|
| | | प्रत्येक महलमा अधिकतम १ अङ्कको दरले | प्रत्येक महलमा अधिकतम ०.६० अङ्कको दरले | प्रत्येक महलमा अधिकतम ०.४० अङ्कको दरले | |
| १. | अनुशासन र सहयोगी भावना | | | | |
| २. | शारीरिक क्षमता, साहस र सहन शक्ति | | | | |
| ३. | उत्तरदायित्व वहन गर्न सक्ने क्षमता र निर्भरता | | | | |
| ४. | व्यावसायिक ज्ञान र शीपको प्रयोग र कार्य कुशलता | | | | |
| ५. | नैतिकता र इमानदारिता | | | | |
| ६. | लगनशील र शिष्टता | | | | |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| ७. | निर्देशन अनुसार काम गर्ने क्षमता | |
| ८. | सेवा प्रति निष्ठा | |
| ९. | स्थिति अनुसार काम गर्ने क्षमता र निर्णायक शक्ति | |
| १०. | कामको स्तर र परिमाण | |
| जम्मा | | |

| | | |
|---|---|---|
| सुपरीवेक्षकको नाम : | पुनरावलोकनकर्ताको नाम : | पुनरावलोकन समितिका पदाधिकारीको नाम, दस्तखत,दर्जा,मिति तथा कार्यालय : |
| दस्तखत : | दस्तखत : | (क) |
| मिति : | मिति : | (ख) |
| दर्जा : | दर्जा : | (ग) |
| कार्यालय : | कार्यालय : | |

नेपाल कानून आयोग

# अनुसूची–३

(नियम १८ को उपनियम (१) सँग सम्बन्धित )

## वर्गीकृत क्षेत्रको विवरण

### "क" वर्ग

| | | | | |
|---|---|---|---|---|
| १. दार्चुला | २. बझाङ | ३. बाजुरा | ४. हुम्ला | ५. मुगु |
| ६. जुम्ला | ७. कालिकोट | ८. जाजरकोट | ९. डोल्पा | १०.रुकुम |
| ११. रोल्पा | १२. सल्यान | १३.अछाम | १४. सोलुखुम्बु | |
| १५. ताप्लेजुङ | १६.ओखलढुङ्गा | १७ भोजपुर | १८. संखुवासभा | |
| १९. पाँचथर | २०. खोटाङ | २१.तेह्रथुम | २२.मनाङ | |
| २३.मुस्ताङ | २४.रसुवा | | | |

### "ख" वर्ग

| | | | | | |
|---|---|---|---|---|---|
| १. बैतडी | २. डडेल्धुरा | ३. डोटी | ४. दैलेख | ५. सुर्खेत | ६. प्यूठान |
| ७. म्याग्दी | ८.बाग्लुङ | ९. पर्वत | १०.अर्घाखाँची | ११. गुल्मी | १२. तनहुँ |
| १३. लमजुङ्ग | १४.गोरखा | १५.स्याङ्गजा | १६. पाल्पा | १७.धादिङ | |
| १८.नुवाकोट | १९. सिन्धुपाल्चोक | २०.काभ्रेपलाञ्चोक | २१. दोलखा | २२.रामेछाप | |
| २३. सिन्धुली | २४.इलाम | २५.धनकुटा | २६. उदयपुर | | |

### "ग" वर्ग

| | | | | | |
|---|---|---|---|---|---|
| १. कन्चनपुर | २. कैलाली | ३. बाँके | ४. वर्दिया | ५.दाङ | ६. कपिलवस्तु |
| ७. रुपन्देही | ८. नवलपरासी | ९. चितवन | १०. पर्सा | ११.मकवानपुर | १२. बारा |
| १३. रौतहट | १४. सर्लाही | १५. महोत्तरी | १६. धनुषा | १७. सिराहा | |
| १८. सप्तरी | १९. सुनसरी | २०. मोरङ | २१. झापा | २२. कास्की | |
| २३. काठमाडौं | २४.ललितपुर | २५. भक्तपुर | | | |

नेपाल कानून आयोग

# अनुसुची-४

(नियम २९ को उपनियम (२) संग सम्बन्धित )

## प्राविधिक समूह अन्तर्गत स्वास्थ्य समूहका कर्मचारीहरुलाई दिईने अतिरिक्त पोशाक सुविधा

(क) फिमेल स्वीपर महिला कर्मचारीहरुलाई कमिज,पाईन्ट र जर्सीको सट्टामा निम्नानुसार दिईनेछ :-

| सि. नं. | विवरण | संख्या | खपत अवधि |
|---|---|---|---|
| १. | खरानी रङ्गको कटन धोती | २ थान | १ वर्ष |
| २. | खरानी रङ्गको कटन पेटीकोट | २ थान | १ वर्ष |
| ३. | खरानी रङ्गको कार्डिगन | १ थान | ३ वर्ष |
| ४. | खरानी रङ्गको रुवी ब्लाउज | २ थान | १ वर्ष |

(ख) निम्न कर्मचारीहरुलाई निम्नानुसारको अतिरिक्त पोशाक दिईनेछ :-

| सि.नं. | व्यक्ति | विवरण | संख्या | खपत अवधि |
|---|---|---|---|---|
| १. | सबै स्वास्थ्य प्राविधिक | सेतो टेरिकटन एप्रोन | १ थान | २ वर्ष |
| २. | हेड कुक | सेतो टेरिकटन कोट | १ थान | १ वर्ष |
| ३. | सबै कुक | सेतो कुक क्याप | २ थान | १ वर्ष |
| | | सेतो एप्रोन | २ थान | १ वर्ष |
| | | सेतो पंजा | ४ थान | १ वर्ष |
| ४. | स्वीपर,पथ्य परिचर | हवाई चप्पल | १ जोर | १ वर्ष |
| ५. | स्वीपर | प्लाष्टिक पंजा | २ जोर | १ वर्ष |
| ६. | मेकानिक्स /अर्मौर र त्यस्तै अन्य | निलो एप्रोन | २ जोर | १ वर्ष |

नेपाल कानून आयोग

(ग) सशस्त्र प्रहरी उपचारीकाहरुलाई वर्किङ्ग ड्रेशको सट्टामा देहाय बमोजिमका लत्ता कपडाहरु दिईनेछः-

| सि.नं. | विवरण | संख्या | खपत अवधि |
|---|---|---|---|
| १. | नर्स क्याप | १ थान | १ वर्ष |
| २. | गरम मौसमको सेतो टेरिकटन स्कर्ट | २ थान | १ वर्ष |
| ३. | जाडो मौसमको निलो उनी स्कर्ट | २ थान | १ वर्ष |
| ४. | समीज | २ थान | १ वर्ष |
| ५. | उनी स्वेटर | १ थान | २ वर्ष |
| ६. | उनी स्टकीङ | १ जोर | २ वर्ष |
| ७. | नाईलन स्टकीङ | १ जोर | २ वर्ष |
| ८. | लेडिज कालो जुत्ता | १ जोर | २ वर्ष |
| ९. | कपडाको नर्स वेल्ट (सेतो, रातो, हरियो) | २ थान | २ वर्ष |
| १०. | नर्स वेल्टको वकल | १ थान | ४ वर्ष |

नेपाल कानून आयोग